ऐन नं. २३

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी मोरङ प्रदेश नं. १ नेपाल

कटहरी गाउँपालिका
कटहरी, मोरङ
प्रदेश नं. १,नेपाल

# कटहरी गाउँपालिकाको कर तथा गैर कर राजश्व सम्बन्धी ऐन २०७७

नेपालको संविधानको धारा २२६ उपधारा १ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी गाउँसभाले बनाएको यो ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

कटहरी गाउँपालिकाको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन २०७७

गाउँसभाबाट पारीत मिति २०७७।०३।१४ प्रमाणीकरण मिति २०७७।०३।१५



Scanned with CamScanner

प्रस्तावना: कटहरी गाउँपालिकाको समग्रविकासका लागि कटहरी गाउँपालिकामा राजश्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले कटहरी गाउँपालिकाको सभाले नेपालको संविधानको धारा २२६को उपधारा (१) बमोजिम यो ऐन बनाएको छ।

## परिच्छेद - १

प्रारम्भिक १. संक्षिप्त नाम र प्रारम्भ :(१) यस ऐनको नामकटहरी गाउँपालिकाको कर तथा गैरकर राजश्व सम्वन्धी ऐन २०७७ रहको छ।

(२) यो ऐन कटहरी गाउँपालिकाभर लागु हुनेछ र यस ऐन बमोजिमको कर वा राजश्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "कम्पनी" भन्नाले प्रचलित नेपाल कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्दछ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित सँगठित संस्थालाई समेत जनाउँछ।



(ख) "कर" भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्दछ।

(ग) "कर अधिकृत" भन्नाले स्थानीय सरकारले दफा ६ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनु पर्दछ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने स्थानीय सरकारको अधिकृत स्तरको कर्मचारीलाई समेत जनाउँछ।

(घ) "कर एकाई" भन्नाले कटहरी गाउँपालिकाकाकर सम्बन्धि काम, कारवाहि र निर्णय गर्ने कटहरी गाउँपालिकाको शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रुपमा रहेको स्थानीय सरकार अन्तर्गतको सँगठन संरचना सम्झनु पर्दछ।

(ङ) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तब्य भएको व्यक्ति सम्झनु पर्दछ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया सुरु गरेको व्यक्तिलाई समेत जनाउछ।

(च) "कर निर्धारण" भन्नाले कर निर्धारण सम्झनु पर्दछ र सो शब्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ।

(छ) "गैरकर राजश्व" भन्नाले परिच्छेद १४ बमोजिम लाग्ने वा लागेको गैर कर राजश्व सम्झनु पर्दछ।

(ज) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति,पत्नि र अशं छुट्टिए वा नछुट्टिएका नावालिक सन्तान सम्झनु पर्दछ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कटहरी गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्दछ।

(ञ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्म सम्झनु पर्दछ।

(ट) "व्यक्ति" भन्नाले कर तिर्नु पर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्दछ।

(ठ) "सभा" भन्नाले कटहरी गाउँपालिकाको सभा सम्झनु पर्दछ।

(ड) "स्थानीय सरकार" भन्नाले स्थानीय तहको कार्यकारिणी अधिकार प्रयोग गर्ने कटहरी गाउँपालिकाकासम्झनु पदर्छ ।

(ढ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

३. व्याख्या : यो ऐनमा परिभाषा गरिएका लवजको सांही अनुसार र अरुमा प्रचलित कानून व्याख्या सम्वन्धी संघीय ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ ।

## परिच्छेद - २

### राजश्व सम्वन्धी सामान्य सिद्धान्त

४. कर तथा गैरकर सम्वन्धी सामान्य सिद्धान्त :(१)कर राजश्वदेहायका सिद्धान्तलाई आधार लिई लगाइनेछ

(क) कर तिर्न सक्ने क्षमताका आधारमा ।

(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी ।

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरेर ।

(घ) नागरिकलाई सुबिधा हुने किसिमबाट ।

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सजृना गरेर ।

(च) करको आधार, करको दर र कर तिर्ने अवधी निश्चित गरेर ।

(छ) पश्चातदर्शी असर नपर्ने गररे ।

(२) गैरकर राजश्व लगाउँदा र उठाउँदा उपलब्ध गराईने सेवा, सहुलियत र सुविधाको लागत, संचालन र सम्भार खर्चलाई आधार मानी लगाईने र उठाईनेछ ।

## परिच्छेद - ३

### कर प्रशासन सम्वन्धी व्यवस्था

५. कर प्रशासन : (१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्र भित्रको कर तथा गैरकरको प्रशासन कटहरी गाउँपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यवसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार कर एकाई रहन सक्नेछन् ।

६. कर्मचारी सम्बन्धी व्यवस्था : (१) स्थानीय सरकारबाट स्वीकृत दरवन्दीअनुसारका विभिन्न तहका कर्मचारी कर एकाईमा रहन सक्नेछन् ।

(२) कर एकाईमा गाउँपालिकाले प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

७. कर अधिकृतको काम, कर्तव्य र अधिकार :यस कानूनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) करदाता दर्ता गर्ने ।

(ख) करदाताबाट विवरण प्राप्त गर्ने ।

(ग) कर परिक्षण तथा अनुसन्धान गर्ने ।

(घ) कर संकलन गर्ने ।

(ङ) कर तथा गैरकर राजश्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।



Scanned with CamScanner

(च) करदाता मैत्री वातावरण वनाउन उपयुक्त र आवश्यक कार्य गर्ने ।

(छ) कर सम्वन्धी जनचेतना अभिबृद्धि गर्न कार्यक्रम संचालन गर्ने ।

(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नु पर्ने विषयमा कटहरी गाउँपालिकालाई सुझाव दिने ।

(झ) राजश्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने ।

(ञ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने ।

(ट) कर सम्वन्धी अभिलेख दुरुस्त राख्ने ।

(ठ) कर सम्वन्धी अन्य काम गर्ने ।

८. अधिकार प्रत्यायोजन : (१) कटहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस ऐनबमोजिम आफुमा रहेको कर तथा राजश्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफु मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ

(३) कर अधिकृतले आफुलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्वन्धमा स्थानिय सरकारबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

९. प्रत्यायोजित अधिकार र जिम्मेवारी : (१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद-४

## कर राजश्व सम्वन्धी व्यवस्था

१०. सम्पत्ति कर : (१)कटहरी गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको स्थायी सम्पत्ति घर र जग्गामा घर र सो घरले चर्चेको (प्लेन्थ एरिया) जग्गामा गाउँसभाले निर्धारण गरे अनुसारको दरमा सम्पत्ति कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गा दफा १४ बमोजिम भूमिकर (मालपोत) लाग्नेछ ।

स्पष्टिकरण: यस दफाको प्रयोजनको लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा सम्झनु पर्दछ ।

(३) कटहरी गाउँपालिकाको आफ्नो क्षेत्र भित्रको घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(४) उपदफा (१) को प्रयोजनका लागि घर र घरजग्गाको मूल्यांकन देहाय बमोजिम गरिने छ :

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था (कच्ची वा पक्की, आर.सी.सी. फ्रेम स्टक्चर भएको, आर.सी.सी. फ्रेम स्टक्चर नभएको, टिनको छाना भएको, गोदाम, टहरा वा सेडहरु) ।

(ख) घर जग्गासँग जोडिएको बाटोको प्रकृति (मुख्य राजमार्ग, सहायक पिच सडक, भित्रि पिच सडक, ग्राभेल सडक, कच्चि सडक, अन्य जग्गा )

(ग) जग्गाको अवस्था (कम्पाउण्ड वाल लगाएको/नलगाएका) घडेरी /खेती

(घ) घर जग्गाको उपयोग (आवासीय वा व्यापारिक )

(ङ) सम्पत्ति मूल्यांकन गर्दा अनुसुची १ बमोजिम घरको ह्रासकट्टी घटाई खुद सम्पत्ति कायम गरिनेछ ।

(च) घर र घर जग्गाको चलन चल्तिको मुल्य र घरको ह्रास मुल्य ।

(छ) घर र घर जग्गाको सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर आर्थिक स्तर र कर तिर्न सक्ने क्षमतालाइ समेत मध्यनजर गरिने ।

(५) उपदफा (४) बमोजिम घर जग्गा मूल्यांकन गर्न देहायको घर जग्गा मूल्यांकन समिति गठन गर्न सक्नेछः

(क) गाउँपालिकाले तोकेको इञ्जिनियर वा प्राविधिक - संयोजक

(ख) सम्बन्धित वडाका वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - सदस्य

(ग) गाउँपालिकाले तोकेको घर जग्गा सम्वन्धी एक जना बिज्ञ - सदस्य

(घ) कर एकाई वा शाखाको प्रमुख वा कर अधिकृत - सदस्य सचिव

(६) घर जग्गा मूल्यांकन समितिले स्थानीय तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै बिज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) घर जग्गा मूल्यांकन समितिले प्रत्येक ५(पाँच) वर्षमा घर जग्गा मूल्यांकनका आधार र दररटे को सझाव सिफारिस गर्न सक्नेछ ।

(८) घर जग्गा मूल्यांकन समितिले बैठकको कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ । समितिका पदाधिकारीहरुको सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछ ।

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको बराबर हक ।

(१०) करदाताले थप घट भएको सम्पत्तिको विवरण निर्धारण गरी प्रत्येक वर्ष आश्विन मसान्त भित्र कटहरी गाउँपालिकाको राजश्व एकाईमा पेश गर्नुपर्नेछ ।

(११) करदाताले दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको असार मसान्त भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

(१२) नावालकका नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

(१३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाएको । घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैन ।

(क) संघीय, प्रदेश र स्थानीय सरकारको स्वामित्वमा रहेको ।

(ख) सरकारी अस्पतालको नाममा दर्ता रहको ।

(ग) गुठीको स्वामित्वमा रहेको ।



Scanned with CamScanner

(घ) मुनाफाको उद्धेश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था लगायत अन्य सरकारी संस्थाको नाममा रहेको ।

(ङ) मुनाफाको उद्धेश्य नराखी सञ्चालन गरिएका सामाजिक संघ-संस्थाको नाममा रहेको ।

(च) धामिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को नाममा रहेको ।

(छ) खानेपानी संकलन पोखरी, विद्युत गृह, कब्रिस्तान, कर्बला, मजार, विमानस्थल, वसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु ।

(ज) राजदुतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका नाममा रहेको ।

११. घर बहाल कर : (१)कटहरी गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका घरधनीले बहालमा लगाएको घरको सम्झौताका आधारमा घर बहाल आय रकमको वार्षिक १०% (दश प्रतिशत) का दरले घरबहाल कर लगाई असुल उपर गर्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर (सेड), कारखाना र यस्तै पक्की वा कच्चा संरचना सम्झनु पर्दछ ।

(२) घर बहाल लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ । कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ ।

(३) घर बहालमा दिंदा प्रत्येक घरधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा संझौता संशोधन गरिएकोमा सोको विवरण सो कार्य भएको मितिले पैंतीस दिनभित्र कर एकाइमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको सँगठित संस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम कर कट्टी गरी घरधनीका तर्फबाट कर एकाईमा घर बहालकर बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कर कट्टी गरी दाखिला गर्नु पर्ने रकम कट्टी भएको पछिल्लो महिनाको २५ गते भित्र दाखिला गर्नु पर्नेछ ।

(६) लिखित सम्झौता बेगर भाडामा लगाएका घर बहालको हकमा कर प्रयोजनको लागि घरको आकार, प्रकार, बनौट, किसिम र घरले चर्चेको जमिन (प्लेन्थ एरिया) को आधारमा गाउँपालिकाले न्यूनतम मासिक घर वहाल कर लगाउन र असुल गर्न सक्नेछ ।

(७) घर बहालमा लगाउने घर धनीले अलग अलग व्यक्ति वा संस्थालाई घर बहालमा लगाएकोमा सोको अलग अलग विवरण पेश गर्नु पर्नेछ ।

(८) घर बहालमा दिने घरधनीले प्रत्येक महिना वा एकमुष्ट रुपमा कर बुझाउन सक्नेछ ।

(९) उपदफा (८) अनुसार एकमुष्ट रुपमा आ.व.भरीको रकम श्रावण महिना भित्रमा बुझाएमा १० ( दश) प्रतिशत छुट दिइनेछ ।

१२. घर जग्गा रजिष्ट्रेशन शुल्क :कटहरी गाउँपालिकाले घर,जग्गावा घर जग्गा रजिष्ट्रेशन शुल्क लगाई उठाउन सक्ने छ ।

(२) कटहरी गाउँपालिकाले उपदफा (१) बमोजिम घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउनु पर्नेछ । यसरी असुल भएको रकम मध्ये गाउँपालिकाले २% दुई प्रतिशत राखि बाँकी ९८% (अन्ठानब्बे प्रतिशत) रकम प्रदेश सरकारको संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) कटहरी गाउँपालिका क्षेत्र भित्र घर,जग्गा वा घर जग्गा रजिष्ट्रेशन पारित गरी गराई प्राप्त गर्ने व्यक्तिले घर,जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क बुझाउनु पर्नेछ ।

(४) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुझाउनु पर्नेछ

(५) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोवारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको रकम बमोजिम त्यस्तो घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन पारित गर्ने कार्यालय वा निकायबाट असूल उपर गरिनेछ ।

(६) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क थैली रकम वा सो प्रयोजनको लागि तोकिएको रकम मध्ये जुन बढी हुन्छ सो रकमको तोकिए बमोजिम हुनेछ ।

(७) घर, जग्गा वा घर जग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति महिला नागरिक भएमा उपदफा ( ६)बमोजिम लाग्ने शुल्कमा २५ प्रतिशत रकम छुट हुनेछ ।

(८) संघीय, प्रदेश र स्थानीय सरकार तथा सरकारी निकायलाई घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क लाग्ने छैन ।

(९) कटहरी गाउँपालिकाले घर,जग्गा वा घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पुंजीगत लाभकर असुल गरी सरकारले तोकेको खातामा जम्मा गर्नुपर्नेछ ।

१३. सवारी साधन कर : (१) कटहरी गाउँपालिकाले सवारी साधन कर लगाउन सक्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "सवारी साधन"भन्नाले इन्धन वा यान्त्रिक शक्तिबाट सडकमा चल्ने चार पांग्रे,तीनपांग्रे वा दुईपांग्रे सवारी साधन सम्झनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउदा सवारी साधनको प्रकृति र क्षमताको आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाउनेछ ।

१४. भूमिकर (मालपोत): (१) कटहरी गाउँपालिकाले भूमिकर (मालपोत) लगाई उठाउन सक्नेछ ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनीले भूमिकर (मालपोत) तिर्नु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र कूटनीतिक नियोगको नाममा रहेका जग्गामा यो कर लाग्ने छैन ।

(४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा स्थानीय सरकारले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भूमिकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो सूचना गाउँसभाको बैठक चलेको भए सोही गाउँसभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यसपछि बस्ने सभाको पहिलो बैठकले पारित गर्नु पर्नेछ ।

(६) स्थानीय सरकारले यस दफा बमोजिमको भूमिकर (मालपोत) आफैले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ ।

(७) आ.व.को अन्त्य सम्ममा भूमिकर (मालपोत) कर एकाई वा सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाले तोकेको कार्यालयमा नबुझाएमा जरिवाना लाग्ने छ ।

कटहरी गाउँपालिकाको कार्यालय
कटहरी मोरङ
प्रदेश नं १ नेपाल



Scanned with CamScanner

१५. मनोरञ्जन कर: (१) कटहरी गाउँपालिकाले आफ्नो क्षेत्र भित्र संचालनमा रहेका चलचित्र घर,सस्कृतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरञ्जन स्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाई उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको कर मनोरञ्जन स्थल संचालकले सोको लागि टिकट बिक्री गर्दाको अवस्थामा असूल गर्नेछ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम प्रदेश सरकारले लगाएको मनोरञ्जन कर समेत गाउँपालिकाले असुल गरी सो रकमको २ % राखि बाँकि ९८ % प्रदेश सरकारको संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ताबाट असूल गरको मनोरञ्जन करको रकम करदाताले असूल गरेको महिनाभन्दा पछिल्लो महिनाको २५ गते भित्र कर एकाईमा विवरण सहित दाखिला गर्नु पर्नेछ ।

१६. विज्ञापन कर: (१) कटहरी गाउँपालिकाले सूचनापाटी (होडिंग बोर्ड) तथा भित्ते लेखनमा विज्ञापन कर लगाई असुल गर्न सक्ने छ ।

(२) कटहरी गाउँपालिकाले उपदफा (१) बमोजिमको विज्ञापन कर उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम प्रदेश सरकारले लगाएको मनोरञ्जन कर समेत गाउँपालिकाले असुल गरी सो रकमको २% राखि बाँकि ९८% प्रदेश सरकारको संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) विज्ञापनकर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट सोही बखत असुल गरीनेछ ।

(४) उपदफा (१) बमोजिमको विज्ञापन सामाग्री राख्न कटहरी गाउँपालिकाकाबाट अनुमति लिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अनुमति पत्र दिदा सर्वसाधारण जनताको हित सम्वन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि,नवीकरण गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने थप शुल्क, प्राकृतिक सौन्दर्य विगार्न नहुने कुरा, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ ।

(६) कुनै फर्म, कम्पनी, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सूचना पाटी (होर्डिंग बोर्ड राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असुल गरी राजश्व एकाइ वा तोकेको बैंक खातामा दाखिला गर्नु पर्नेछ ।

(७) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र कूटनीतिक नियोगको वा सरकारी संस्थाका नाममा रहेका जग्गा वा सम्पत्ति (पोल, भित्ता आदि) मा बिज्ञापन सामग्री राखेमा कर उठाउनु अघि कर एकाइले सो निकायसँग समन्वय गरी कर असुल गर्नु पर्नेछ ।

(८) व्यापारीक वा व्यवसायिक प्रयोजनको लागि राखिएका बिज्ञापनमा लागेको कर कुनै पनि अवस्थामा छुट वा मिनाहा हुन सक्ने छैन ।

(९) नेपाल सरकार,प्रदेश सरकार, स्थानीय सरकार र कूटनीतिक नियोग वा गैरनाफामुलक सामाजिक संस्थाको तर्फबाट चेतनामुलक विज्ञापनमा यो कर लाग्ने छैन ।

१७. व्यवसाय कर: (१) कटहरी गाउँपालिकाको आफ्नो क्षेत्र भित्रको उद्योग,व्यापार, व्यवसाय वा सेवामा पूजीगत लगानी र आर्थिक कारोवार, क्षमता, किसिम र वर्गको आधारमा वार्षिक रुपमा व्यवसाय कर लगाउन र उठाउन सक्नेछ ।



Scanned with CamScanner

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सो भन्दा बढी स्थानमा संचालन गरेमा ६० दिन भित्र सोको जानकारी कर एकाइलाई दिनु पर्नेछ। साथै त्यस्ता व्यवसायहरुको अलग अलग व्यवसाय कर तिर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको व्यवसाय कर वार्षिक रुपमा बुझाउनु पर्नेछ। कुनै करदाताले अग्रीम रुपमा ५ वर्षको कर एकमुष्ठ बुझाएमा त्यस वापत लाग्ने रकममा १० प्रतिशतले छुट दिइनेछ।

(४) करदाताले व्यवसाय संचालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नु पर्ने भएमा त्यसको कारण परेको मितिले साठी दिन भित्र कर एकाइमा जानकारी दिनु पर्नेछ।

(५) करदाताले उपदफा (१) बमोजिम पेश गरको विवरण कर अधिकृतले छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ।

(६) एक पटक व्यवसाय दर्ता भए पछि खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय संचालनमा रहेको मानी कर असुल गरिनेछ।

(७) कुनै करदाताले लाग्ने कर बक्यौता समेत बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ

(८) एउटै उद्योग परिसर भित्र फरक/फरक नाम र अस्तित्व तथा कारोवार गर्ने गरी सञ्चालनमा रहेका उद्योगहरुलाई फरक उद्योग मानी व्यवसाय कर र उद्योगपति फरक भएमा बहाल कर समेत लिइने छ।

## परिच्छेद - ५

## करदाता दर्ता सम्वन्धी

१८. करदाताको पहिचान तथा दर्ताः (१) करदाताले व्यवसाय संचालनगर्नुपूर्व व्यवसाय दर्ता गररे मात्र व्यवसाय संचालन गर्नु पर्नेछ।

(२) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति,निजले गरेको कारोवार, कर एकाइलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो एकाइले छानविन गर्दा देखाएका आधारमा करदाताको पहिचान गरिनेछ।

(४) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर (PAN) नम्बर लिएका करदाताले कर सम्वन्धि कारोवार गर्दा सोहि नम्बरको प्रयोग गर्नु पर्नेछ।

१९. करदाताको दायित्वः यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ :

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने।

(ख) निर्धारित समयमा विवरण पेश गर्ने।

(ग) निर्धारित समयमा कर दाखिला गर्ने।

(घ) यस ऐन बमोजिम कुनै शुल्क,जरिवाना वा ब्याज बभुाउनुपर्ने भए समयमा बुझाउने

(ङ) हिसाव किताब र अभिलेख दुरुस्त राख्ने।

(च) कर अधिकृतले मागेको सूचना तथ्याक समयमा उपलब्ध गराउने।

कठहरी गाउँपालिकाको कार्यालय कठहरी मोरङ प्रदेश नं. १ नेपाल

(छ) कर एकाइलाई आवश्यक सहयोग गर्ने ।

२०. करदाताको अधिकार: (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :

(क) सम्मानपूर्वक व्यवहारको अधिकार ।

(ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार ।

(ग) कर सम्बन्धि विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार ।

(घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार ।

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्यहुनअधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावि गर्न आफ्नो दायित्व पुरा गरेको हुनु पर्नेछ ।

२१. करदाताको प्रतिनिधित्व:(१) करदाताको प्रतिनिधित्व करदाताका परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले १८ वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयंले गरेको मानिनेछ ।

## परिच्छेद - ६

## विवरण दाखिला सम्वन्धी व्यवस्था

२२. विवरण दाखिला गर्न आदेश दिन सक्ने:(१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंकागर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर एकाइमा विवरण दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्वन्धित व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिन सम्मको समयावधि थप दिन सक्नेछ ।

२३. विवरण सच्याउन सकिने:यस परिच्छेद बमोजिमको कर विवरणदाखिला भईसकेपछि कुनै तथ्य सम्वन्धि वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिल भएको मितिले तीन महिना भित्र यथार्थ, तथ्य र सहि अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ ।

## परिच्छेद - ७

## कर दाखिला सम्वन्धी व्यवस्था

२४. कर दाखिला गर्नु पर्ने: (१) यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोहि समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर , कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

२५. कर दाखिलाको निस्सा दिनु पर्ने :करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजश्व अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

## परिच्छेद - ८



Scanned with CamScanner

## कर फिर्ता र समायोजन

२६. कर फिर्ता सम्बन्ध व्यवस्था:(१) करदाताले यस ऐन बमोजिम कर बुझाउदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको १ महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ।

२७. कर समायोजन सम्बन्ध व्यवस्था: (१) करदाताले दफा २६ बमोजिमफिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नुपर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवदेन परेको १ महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ।

### परिच्छेद - ९

### कर परीक्षण र कर निर्धारण

२८. कर परीक्षण र कर निर्धारण: (१) यस ऐन बमोजिम करदातालेविवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परिक्षण गरी कर निर्धारण गरिनेछ :

(क) खातापाता, हरहिसाव वा अभिलेख दूरुस्त नदेखिएमा।

(ख) गलत वा झुट्टा कागजात /विवरण संलग्न गरको देखिएमा।

(ग) यथार्थ कारोवार नदेखाएको विश्वास गर्नु पर्ने कारण भएमा।

(घ) कारोवारको आधारमा करको दायित्व कम देखाएकोमा।

(ङ) करको दर फरक परेकोमा।

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेंमा पनि सो को दावि गरेकोमा।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नु पर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टिकरण पेश गर्न ३० दिनको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टिकरण पेश गर्नु पर्नेछ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्याद भित्र करदाताले स्पष्टिकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टिकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुन:कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाइको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्ने छ।

२९. कर निर्धारणको सूचना :(१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) यस ऐन बमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भए पछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सीमा भित्र कर दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर एकाइमा बुझाउनु पर्नेछ।

### परिच्छेद - १०



Scanned with CamScanner

## कर सकलन सम्बन्धि व्यवस्था

३०. कर सकंलन सम्बन्धि व्यवस्था:(१) यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर, ब्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा करअधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृती लिई देहाएको एक वा एक भन्दा बढी तरिका बमोजिम कर असुल गर्न सक्नेछ :

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर ।

(ग) कुनै तेश्रो व्यक्तिले करदातालाई तिर्नु पर्ने रकम करदाताको पुर्व सहमती लिई कट्टा गरेर ।

(घ) बैंक वा वित्तिय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोबार रोक्का गरेर ।

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दाबि वा कब्जा गरेर ।

(छ) करदाताको सम्पत्ति एकै पटक वा पटक गरी तोकिए बमोजिम लिलाम बिक्रि गरेर ।

(२) उपदफा (१) को खण्ड (६) बमोजिम लिलामको कारबाही सुरु भए पछि सो कारवाही समाप्त हुनु पुर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप पाँच प्रतिशत शुल्क सहित असुल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भए जती रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

(५) यो ऐन लागु हुनु पुर्व निर्धारण भै भुक्तानी गर्न बाँकी रहेको कर तथा गैरकर राजश्व यसै दफा अनुसार असुल उपर गरिने छ ।

३१. किस्तावन्दिमा कर असुली:कुनै खास करदातालाई विशेष परिस्थितिमासमयमा कर तिर्न सक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडागरी बढिमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ । तर ढिला बुझाए बापत यस ऐन बमोजिम लाग्ने ब्याज मिन्हा हुने छैन ।

## परिच्छेद - ११

## जरिवाना शुल्क र ब्याज

३२. जरिवाना लाग्ने : यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

३३. ब्याज लाग्ने : यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्नेरकममा वार्षिक ब्याज लाग्नेछ । त्यस्तो ब्याज सभाबाट निर्धारण भए अनुसार हनु छ ।

३४. अभिलेख नराखेमा शुल्क लाग्ने : यस ऐन बमोजिम अभिलेख राख्नु पर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु.१०००।- शुल्क लाग्नेछ ।

३५. समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने : यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु.१०००।- शुल्क लाग्नेछ ।



Scanned with CamScanner

३६. झुट्टा विवरण दिएमा शुल्क लाग्ने :यस ऐन बमोजिम विवरणदाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको दश प्रतिशत शुल्क लाग्नेछ ।

३७. ब्याज नलाग्ने : यस ऐन बमोजिम लाग्ने शुल्क, ब्याज र जरिवानामा पुनः ब्याज लाग्ने छैन ।

## परिच्छेद - १२

## पूर्वादिश र प्रशासकीय पुनरावलोकन

३८. पूर्वादिश माग गर्न सक्ने : (१) कुनै करदातालाई यस ऐन बमोजिमलगाइएको कर तथा दस्तुर उपर चित नबुझेमा प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधानिराकरण गर्न पूर्वादिश जारी गरी करदातालाई सो पूर्वादिश उपलब्ध गराउने छ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा बिचाराधिन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वादिश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादिश अदालतको आदेशबाट अन्यथा नभएमा कायम रहने छ ।

३९. प्रशासकीय पुनरावलोकन हुन सक्ने :यस ऐन बमोजिमका देहायकोनिर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ :

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निधार्रण र संशोधित कर निर्धारण सम्वन्धी निर्णय ।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क ब्याज सम्बन्धी निर्णय ।

४०. प्रशासकीय पुनरावलोकनको प्रक्रिया : (१) यस ऐन बमोजिमको करनिर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनका लागि परेको निवेदन माथि ६० कार्यदिन भित्र कारवाही र किनारा गर्नु पर्नेछ ।

## परिच्छेद - १३

## पुनरावेदन

४१. उजुरी नलाग्ने : यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजरु लाग्ने छैन ।

४२. पुनरावेदन दिन सक्ने :(१) प्रशासकीय पुनरावलोकनको निर्णयभएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ । (२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

कटहरी गाउँपालिकाको कार्यपालिकाको कार्यालय कटहरी मोरङ प्रदेश नं. १ नेपाल



Scanned with CamScanner

## परिच्छेद - १४
## गैरकर राजश्व

४३. सेवा शुल्क तथा दस्तुर : कटहरी गाउँपालिकाले नेपालको संविधानको अनुसूची ८ बमोजिमका क्षेत्र र विषयमा आफूले पुऱ्याएको सेवा बापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ ।

४४. पर्यटक शुल्क : (१) कटहरी गाउँपालिकाले आफैं निर्माण गरेको पार्क, बगैंचा, वनभोज स्थल जस्ता पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापहरुमा आन्तरिक तथा बाह्य पर्यटकहरुबाट पर्यटन शुल्क लगाइ उठाउन सक्नेछ । पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको लागत संचालन र सम्भार खर्चलाई आधार मानि पर्यटन शुल्क लगाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जनु सुकै करा लेखिएको भएतापनि कटहरी गाउँपालिकाले आफ्नो क्षेत्र भित्र पर्यटन प्रवेश गरेको आधारमा पर्यटन शुल्क लगाउनेछैन ।

४५. सवारी साधन पाकिर्ङ शुल्क : कटहरी गाउँपालिकाले आफूले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किङ स्थलमा सवारी साधन पार्किङ शुल्क लगाइ उठाउन सक्नेछ । तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउ छाउ वा पेटिमा पार्किङ शुल्क उठाउन सक्ने छैन ।

४६. बहाल बिटौरी शुल्क : कटहरी गाउँपालिकालेआफ्नो नाममा रहको, सार्वजनिक र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेका पोखरी, हाट बजार, प्रदर्शनि स्थल र ती ठाउँमा राख्न अस्थायी अनुमति दिएका पसलहरुमा बहाल बिटौरी शुल्क लगाई उठाउन सक्नेछ ।

४७. जडीबुटी, कवाडी र जीवजन्तु शुल्क कटहरी गाउँपालिकाको आफ्नोक्षेत्र भित्र उत्पादन भई निकासी हुने र बाहिरबाट पैठारी भई आउने नेपाल सरकारबाट रोक लगाएका बाहेकका जडीबुटीहरु, जिवित जीव जन्तु तथा मरेका जीव जन्तुका अंग प्रत्यङ्गहरु र उद्योगहरुबाट निस्कने र अन्यत्रबाट संकलन गरीएका कवाडी वा वेस्टेज चिज वस्तुहरुको निकासी पैठारी कारोवारमा जडीबुटी, कवाडी र जीवजन्तुशुल्क लगाई उठाउन सक्नेछ ।

४८. डुंगा परिवहन (वोटिङ्ग सेवा) शुल्क :कटहरी गाउँपालिकाले आफ्नोक्षेत्र भित्र रहेका नदी,तलाउ र पोखरीहरुमा मनोरञ्जनका लागि संचालन भएका डुंगा परिवहन (बोटिङ्ग सेवा)मा शुल्क लगाई उठाउन सक्नेछ

४९. सडक मर्मत शुल्क : कटहरी गाउँपालिकाले तोकेको क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुवाट गाउँसभाबाट निर्णय गरी तोकेको दर रेट अनुसार सडक मर्मत शुल्क लगाई उठाउन सक्नेछ ।

५०. सरसफाई शुल्क : कटहरी गाउँपालिकाको क्षेत्र भित्र प्रवेश गर्ने विदेशी नम्वर प्लेट भएका सवारी साधनहरुबाट गाउँसभाले निर्णय गरी तोकेको दर रेट अनुसार सरसफाई शुल्क लगाई उठाउन सक्नेछ । तर सरकारी र कुटनीतिक नियोगका सवारी साधनमा यस्तो शुल्क लाग्ने छैन ।

५१. पूर्वाधार निर्माण तथा उपयोग शुल्क :कटहरी गाउँपालिकालेआफ्नो क्षेत्र भित्र आफूले निर्माण गरेको पूर्वाधारहरुमा गाउँसभाबाट निर्णय गरी तोकेको दर रेट अनुसार शुल्क लगाई उठाउन सक्नेछ ।

५२. अन्य शुल्क लगाउन सक्ने :(१) कटहरी गाउँपालिकालेअनुसूची २मा उल्लेखित विषयहरु र क्षेत्रहरुमा तत् तत् विषयका सेवा शुल्कहरु लगाई उठाउन सक्नेछ ।



Scanned with CamScanner

(२) स्थानीय सरकारले संविधान र अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन २०७४ को विपरित नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण स्थानीय सरकारले त्यस्तो निर्णय भएको मितिले सात कार्य दिनभित्र गाउँसभाको बैठक चलेको समयमा सभामा र त्यस्तो बैठक नचलेका समयमा त्यस पछी वस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

५३. छुट वा मिनाहा: (१) कटहरी गाउँपालिकाले खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पूर्णरुपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ । यसरी छुट दिंदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामाग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा स्थानीय सरकारले तत् तत् सरकारसँग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउने छ ।

(३) उपदफा (१) बमोजिम गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण गाउँ सभाको बैठक चलेको समयमा सोहि सभामा र गाउँ सभाको बैठक नचलेको समयमा त्यस पछि वस्ने गाउँ सभाको पहिलो बैठकमा पेश गर्नु पर्ने छ ।

## परिच्छेद - १५

### समन्वय सम्बन्धी व्यवस्था

५४. नेपाल सरकारसँग समन्वय :(१) कटहरी गाउँपालिकाले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्ने कर गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) कटहरी गाउँपालिकाले नेपालको संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगेका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

५५. प्रदेश सरकारसँग समन्वय: (१) कटहरी गाउँपालिकाले प्रदेश कानून वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैरकर राजश्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ

कटहरी गाउँपालिकाको कार्यालय कटहरी मोरङ प्रदेश नं १ नेपाल



Scanned with CamScanner

(३) कटहरी गाउँपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैर कर राजश्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

५६. केन्द्रीय बैंकसँग समन्वय : कटहरी गाउँपालिकाले कर र गैरकर राजश्व संकलनका सम्बन्धमा केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक ) सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

५७. अन्य निकाय,कार्यालय र संस्थासँग समन्वय :कटहरी गाउँपालिका वा सो को कुनै अधिकृतले कर तथा गैरकर राजश्वसँग सम्वन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संस्थासँग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद - १६

## राजश्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

५८. राजश्व सम्बन्धी नयाँ प्रस्ताव : कटहरी गाउँपालिकाले कर तथा गैरकर सम्वन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्नुपर्नेछ ।

५९. सूचना सार्वजनिक गर्नु पर्ने :(१) यस कानून बमोजिम स्थानीयसरकारले लगाएको कर र गैरकर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्व साधारणको लागि सार्वजनिक गर्नु पर्नेछ ।

(२) स्थानीय सरकारले उपदफा (१) बमोजिमका कर, राजश्वका दर र त्यसमा भएको हेर फेर समेत मिलाई स्थानीय सरकारको वेवसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) स्थानीय सरकारले कर र राजश्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रिय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - १७

## विविध

६०. विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखेको भए तापनि स्थानीय सरकारले विद्युतीयमाध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने,करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगाएको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिन लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

६१. करचुक्ता प्रमाण-पत्र : गाउँपालिकाले लगाएको कर, शुल्क र दस्तुर करदाताले बुझाई सकेपछि अनुसुची-४ बमोजिमको कर चुक्ता प्रमाणपत्र गाउँपालिकाबाट प्रदान गरिने छ । यस्तो प्रमाणपत्र पाउनको लागि करदाता वा निजको प्रतिनिधीले अनुसुची-३ बमोजिमको दरखास्त पेश गर्नु पर्नेछ । नेपाल सरकार तथा प्रदेश सरकारबाट करदातालाई कर चुक्ता प्रमाणपत्र दिंदा स्थानीय तहबाट जारिगरेको कर चुक्ता प्रमाणपत्र पेश भए पछि मात्र करचुक्ता तथा कर क्लियरेन्स प्रमाण पत्र दिने व्यवस्था मिलाउनु पर्नेछ ।



Scanned with CamScanner

६२. अनुसुचीमा हेरफेर : गाउँपालिकाले यस ऐनको अनुसुचीमा आवश्यक हेरफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना सभाको वैठक वसेको भए वैठकमा र तत्काल वैठक नबसेको भए त्यस पछि वस्ने सभाको पहिलो वैठकमा पेश गर्नु पर्नेछ ।

६३. कागजातको ढाँचा : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरीका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा स्थानीय सरकारले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्थागर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि स्थानीय सरकारको कार्यालय सूचना पाटी, वेवसाइट र स्थानीय पत्रपत्रीकाको माध्यमबाट उपलब्ध गराउन सकिनेछ ।

६४. सूचना तामेली रित पुगेको मानिने : (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्वन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ :

(क) सम्वन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय, संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको ।

(२) कर इकाइको अधिकृतको नाम पद खुल्ने गरी दस्तखत गरिएको कम्प्यूटर प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको, छाप लगाएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको ,तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

६५. कागजातको अभिलेख राख्ने : (१)यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछ :

(क) यस ऐन बमोजिम कटहरी गाउँपालिकामा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात ।

(ख) कर निधारण गर्न सघाउ पुऱ्याउने कागजातहरु ।

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजातहरु

(२) कटहरी गाउँपालिकाको कार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आर्थिक वर्ष समाप्त भएको कम्तिमा ४ वर्षको अवधीसम्म सुरक्षित राख्नु पर्नेछ ।

६६. अदालतलाई भए सरहको अधिकार हुने : यस ऐनको प्रयोजनको लागि गाउँ कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने ,बयान गराउने प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ

६७. आदेश वा निर्देशन दिन सक्ने :संघीय र प्रदेश सरकारले करप्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्वन्धी कानून र यो ऐनको प्रावधानलाई कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालना गर्नु गाउँ कार्यपालिकाको कर्तव्य हुनेछ ।



Scanned with CamScanner

६८. कर अधिकृतको परिचय पत्र : कर एकाईमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राखी काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउन पर्नेछ ।

६९. विभागीय कारवाही र सजाय हुने : (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुऱ्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्धेश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी जानि जानि दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले स्थानीय सरकारको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमेजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीको लागि अधिकारप्राप्त अधिकारी समक्ष रायसाथ पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने अवस्था भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधी भर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिने छ ।

(६) उपदफा (३) बमोजिमको छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि तीन महिना भन्दा बढी हुने छैन ।

(७) निलम्वनमा परेको कर अधिकृत वा अन्य कर्मचारीले सो अवधी भर कर्मचारीको सेवा सम्वन्धी प्रचलित कानून बमोजिमको तलब पाउने ।

७०. पुरस्कृत गर्न सक्ने : (१) कटहरी गाउँपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्ने छ ।

उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था कटहरी गाउँपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

७१. म्याद, हदम्याद नजाने :यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएका भएतापनि यस ऐन वमोजिम म्याद वा हद म्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ :

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

७२. नियमवली बनाउने अधिकार :यस ऐनबमोजिमको काम प्रभावकारी रुपमा गर्न स्थानीय सरकार वा सो सरकारले अख्तियारी दिएको अधिकारीले आवश्यक नियमावली वनाउन सक्नेछ ।

अनुसूची-१

(दफा १०उपदफा (४) को (घ) सगँ सम्बन्धित) ह्रासकट्टी दर

सम्पत्ति कर मूल्यांकन प्रयोजनकालागि संरचना घरकाह्रासकट्टी गर्ने दर ।

| संरचनाको आयु वर्षको तालिका | संरचनाको घरको किसिम | ह्रासकट्टी % |
|---|---|---|
| १-३ | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | ५% |
| ३-६ | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | १०% |
| ६-९ | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | २०% |
| ९-१२ | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | २५% |
| १२-१५ | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | ३०% |
| १५-१८ | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | ३५% |
| १८-२१ | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | ४०% |
| २१-२४ | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | ५०% |
| २४-२७ | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | ५५% |
| २७-३० | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | ६०% |
| ३०-३३ | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | ६५% |
| ३३-३६ | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | ७०% |
| ३६-४० | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | ७५% |
| ४०-४३ | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | ८०% |
| ४३-४६ | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | ८५% |
| ४६-५० | पक्की, इटा वा ढुंगामा फ्रेम स्ट्रक्चर, सिमेन्टको छत ढलान भएको | ९०% |

कटहरी गाउँपालिका गाउँपालिकाको कार्यालय कटहरी मोरङ प्रदेश नं १ नेपाल



Scanned with CamScanner

| संरचनाको आयु वर्षको तालिका | संरचनाको घरको किसिम | ह्रासकट्टी % |
|---|---|---|
| १-३ | पक्की, इटा वा ढुंगामा माटोको जोडाइ, आर. सि. सि. वा सिमेन्ट जोडाई र जस्ताको छाना भएको | ७% |
| ३-६ | पक्की, इटा वा ढुंगामा माटोको जोडाइ, आर. सि. सि. वा सिमेन्ट जोडाई र जस्ताको छाना भएको | १५% |
| ६-९ | पक्की, इटा वा ढुंगामा माटोको जोडाइ, आर. सि. सि. वा सिमेन्ट जोडाई र जस्ताको छाना भएको | ३०% |
| ९-१२ | पक्की, इटा वा ढुंगामा माटोको जोडाइ, आर. सि. सि. वा सिमेन्ट जोडाई र जस्ताको छाना भएको | ४०% |
| १२-१५ | पक्की, इटा वा ढुंगामा माटोको जोडाइ, आर. सि. सि. वा सिमेन्ट जोडाई र जस्ताको छाना भएको | ५०% |
| १५-१८ | पक्की, इटा वा ढुंगामा माटोको जोडाइ, आर. सि. सि. वा सिमेन्ट जोडाई र जस्ताको छाना भएको | ६०% |
| १८-२१ | पक्की, इटा वा ढुंगामा माटोको जोडाइ, आर. सि. सि. वा सिमेन्ट जोडाई र जस्ताको छाना भएको | ६५% |
| २१-२३ | पक्की, इटा वा ढुंगामा माटोको जोडाइ, आर. सि. सि. वा सिमेन्ट जोडाई र जस्ताको छाना भएको | ७५% |
| २३-२५ | पक्की, इटा वा ढुंगामा माटोको जोडाइ, आर. सि. सि. वा सिमेन्ट जोडाई र जस्ताको छाना भएको | ९०% |



Scanned with CamScanner

| संरचनाको आयु वर्षको तालिका | संरचनाको घरको किसिम | ह्रासकट्टी |
|---|---|---|
| १-३ | पक्की इटा वा ढुंगामा माटो जोडाईमा जस्ता वा टायल वा खरको छाना | ९% |
| ३-६ | पक्की इटा वा ढुंगामा माटो जोडाईमा जस्ता वा टायल वा खरको छाना | २०% |
| ६-९ | पक्की इटा वा ढुंगामा माटो जोडाईमा जस्ता वा टायल वा खरको छाना | ४०% |
| ९-१२ | पक्की इटा वा ढुंगामा माटो जोडाईमा जस्ता वा टायल वा खरको छाना | ६०% |
| १२-१५ | पक्की इटा वा ढुंगामा माटो जोडाईमा जस्ता बा टायल वा खरको छाना | ८०% |
| १५-२० | पक्की इटा वा ढुंगामा माटो जोड़ाईमा जस्ता वा टायल वा खरको छाना | ९०% |
| १-३ | टिनको छाना, घेरावारा प्रयोग भएका भवनहरु तथा टष्टहरु | १०% |
| ३-६ | टिनको छाना, घेरावारा प्रयोग भएका भवनहरु तथा टष्टहरु | २०% |
| ६-९ | टिनको छाना, घेरावारा प्रयोग भएका भवनहरु तथा टष्टहरु | ४०% |
| ९-१२ | टिनको छाना, घेरावारा प्रयोग भएका भवनहरु तथा टष्टहरु | ६०% |
| १२-१५ | टिनको छाना, घेरावारा प्रयोग भएका भवनहरु तथा टष्टहरु | ८०% |
| १५-१८ | टिनको छाना, घेरावारा प्रयोग भएका भवनहरु तथा टष्टहरु | ९०% |
| १८-२० | टिनको छाना, घेरावारा प्रयोग भएका भवनहरु तथा टष्टहरु | ९०% |

## अनुसूची - २

(दफा ५२ को उपदफा (१)सँग सम्बन्धित) स्थानीय सरकारले शुल्क लगाइ उठाउन सक्ने अन्य विषय र क्षेत्रहरु

१. खानेपानी, धारा, पोखरी र घाट
२. बिजुली
३. टेलिफोन
४. वातावरण, फोहरमैला व्यवस्थापन, सरसफाई र ढल व्यवस्थापन
५. शौचालय, स्नान गृह
६. सार्वजनीक पार्क
७. हाटबजार
८. पशु वधशाला
९. अतिथि गृह र छात्रवास
१०. अचल सम्पत्ति मूल्यांकेन तथा बिभिन्न सिफारिसहरुको शुल्क
११. मर्मत सुधार (आफूले निर्माण गरेका यस अनुसूचीमा उल्लिखित साधन र सुविधाको मर्मत सुधारमा लाग्ने खर्च सम्बन्धी)

अनुसूची - ३

(दफा ६१ सँग सम्बन्धित)

## कर चुक्ता प्रमाण पत्रको दरखास्त फारम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू ,
कटहरी गाउँपालिका, मोरङ ।

विषयः- कर चुक्ता प्रमाणपत्र पाऊ ।

महोदय, मैले/ हामीले गाउँपालिकामा बुझाउनु पर्ने तपसिल बमोजिमको कर, दस्तुर र शुल्क यस गाउँपालिकाको राजश्व एकाई/......नं.वडा कार्यालयमा बझाई सकेको हुँदा कर चुक्ता प्रमाण पत्र प्रदान गर्नु हुन अनुरोध गर्दछु/छौं ।

करको विवरण:-

| करको विवरण | आ.व. | करको विवरण | आ.व. | करको विवरण | आ.व |
|---|---|---|---|---|---|
| सम्पत्ति कर | | घर बहाल कर | | सवारी साधन कर | |
| भूमिकर | | मनोरञ्जन कर | | | |
| व्यवसाय कर | | विज्ञापन कर | | | |

माथि लेखिए बमोजिमको विवरण साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझलाउँला ।

विवरण पेश गर्नेको दस्तखत :- नाम थर :- ठेगाना :- मिति :-

मोबाईल नं.:-

माथि उल्लेखित कर, दस्तुर र शुल्क भुक्तानी गरि सकेको व्यहोरा प्रमाणित गर्दछु ।

(१) ..... नं. वडा कार्यालयको तर्फबाट (२) राजश्व इकाइको तर्फबाट

| | |
|---|---|
| वडा सचिव | इकाई प्रमुख |
| दस्तखत :- | दस्तखत :- |
| श्री ........................... | श्री ........................ |



Scanned with CamScanner

अनुसूची-४

(दफा ६१ सँग सम्वन्धित) कटहरी गाउँपालिका

कटहरी गाउँपालिकालको कार्यालय

कटहरी ,मोरङ

प्रदेश नं. १, नेपाल

प.स.

च.नं. मिति :-

विषय :- कर चुक्ता पम्राण-पत्र

श्री ..........................

कटहरी गाउँपालिकावडा न ....., मोरङ ।

प्रस्तुत विषयमा तपाईले मिति ..................मा पेश गरेको विवरण अनुसार यस गाउँपालिकामा बुझाउनु पर्ने कर, दस्तुर र शुल्क बुझाएको देखिएकोले आ.व...............को लागि यो कर चुक्ता प्रमाण-पत्र प्रदान गरिएको छ ।

...............................

(प्रमुख प्रशासकीय अधिकृत)

प्रमाणित गर्ने :

दस्तखत :

नाम : रामकुमार कामत

पद :अध्यक्ष



Scanned with CamScanner